# *आर्थिक* ऐन २०७७

## वालिङ नगरपालिकाको अर्थ सम्बन्धि प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

**प्रस्तावना**ः– वालिङ नगरपालिकाको आर्थिक वर्ष २०७७/०७८ को अर्थ सम्बन्धी प्रस्तावनालाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न बाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम वालिङ नगरसभाले आर्थिक ऐन बनाईएको छ ।

१) **संक्षिप्त नाम र प्रारम्भः**
१) यस एनेको नाम आर्थिक ऐन २०७७ रहेको छ ।
२) यो विधेक स्वीकृत भई ऐन बने पछि मिति २०७७ साल श्रावण १ गते देखी प्राराम्भ हुनेछ ।

२) **परिभाषाः** विषय र प्रसंगले अों अर्थ नलागेमा यस विधेकमा,
१) कर भन्नाले एने विधेक वा प्रचलित कानून बमोजिम लागेको वा लाग्ने कर सम्झनु पर्छ ।
२) करदाता भन्नाले यो विधेक वा प्रचलीत कानून बमोजिम कर तिर्नु पर्ने कर्तव्य भएको व्यक्ति सम्झानु पर्छ ।
३) नगरसभा भन्नाले वालिङ नगरपालिकाको नगर सभा संझनु पर्छ ।
४) नगरपालिका भन्नाले वालिङ नगरपालिका सम्झनु पर्छ ।

३) **सम्पत्ति करः** नगरपालिका क्षेत्र भित्र अनुसूची (१) बमोजिम सम्पत्ती कर लगाईने र असु उपर गरीनेछ ।

३) **घर जग्गा बहाल करः** नगरपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले भवन घर पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर जग्गा वा पोखरी पुरै वा अंशिक तवरले बहालमा दिईएकोमा त्यस्तो बहाल रकममा (३) बमोजिमको घर जग्गा बहाल कर लगाइने र असुल गरिनेछ ।

४) **व्यवसाय घरः** नगरपालिका क्षेत्र भित्र व्यापार, व्यवासय वा सेवा मा पूंजीगत लगानी र आर्थिक कारेवारका आधारमा अनुसूची (४) बमोजिम व्यवसाय कर लगाईने र असूल उपर गरिनेछ ।

५) **जडिवुटी, कवाडी र जीव जन्तु करः**नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन,खोटो जडिबुटी, वनकस, कवाडी माल र प्रचलीत कानूनले निषेध गरिएको जीव जन्तु वाहेकककका अन्य मृत वा मारिएका जीवजन्तुको हाड,सिंह, प्वाख, छाला जस्ता बस्तुको व्यवसायीक कारोबार गरे वापत अनुसूची (५) बमोजिम कर लगाएने र असुल उपर गरिनेछ ।

६) **सवारी साधन करः** नगरपालिका क्षेत्र भित्र दर्ता भएका सवारी साधनमा अनुसूची (६) बमोजिम सवारी साधन कर लागाईने छ र उक्त कर सम्बन्धी प्रदेशले असुल गरी अन्तर सरकारी वित्त

व्यवस्थापन ऐन, २०७४ बमोजिम स्थानीय तहको विभाज्य कोष माफर्त नगरपालिकाको संचित कोषमा वाडफाड गर्नु पर्नेछ ।

७) **विज्ञापन करः** नगरपालिका क्षेत्र भित्र हुने विज्ञापनमा अनुसूची (७) बमोजिमको विज्ञापन कर लगाईने र असुल उपर गरिनेछ । यसरी कर संकलन गर्दा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम गण्डकी प्रदेशले निर्धारण गरेको विज्ञापन कर समेत संकलन गरी प्रदेश विभाज्य कोषमा राजश्व बांडफाड गर्नुपर्नेछ ।

८) **मनोरञ्जन कर**: नगरपालिका क्षेत्र भित्र हुने मनोरञ्जन व्यवासय सेवामा अनुसूची (८) बमोजिमको व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ । यसरी कर संकलन गर्दा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम ४ नं. प्रदेशले निर्धारण गरेको विज्ञापन कर समेत संकलन गरी प्रदेश विभाज्य कोषमा राजश्व बांडफाड गर्नुपर्नेछ ।

९) **पार्किङ शुल्कः** नगरपालिका क्षेत्र भित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूची (१०) बमोजिम पार्किङक शुल्क लगाईने र असुल उपर गरिनेछ । अनुसूची अनुसार **१२ सेवा शुल्क, दस्तुरः** नगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेको अनुसूची –१२ मा उल्लेखित स्थानीय पूर्वाधार र उपलब्ध गराईएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाईने र असुल उपर गरिनेछ ।

११) **पर्यटन प्रवेश शुल्कः** नगरपालिकाले आफनो क्षेत्र भित्र निर्मण गरेका उद्यान, पार्क चिडियाखाना, ऐतिहासिक तथा पुरातात्विक सम्पदा, संग्राहलय जस्ता सम्पदा उपयोग गरे पावत पर्यटकहरुबाट अनुसूची १३ मा उल्लेखित दरमा पर्यटन प्रवेश शुल्क लगाईने र असुल उपर गरिनेछ ।

१२) **नक्शापसा दस्तुर छुटः** भुकम्पबाट प्रभावित रातो कार्ड प्राप्त लाभग्राहीलाई नक्सापास दस्तुरमा साविक बमोजिम नै छुट दिईनेछ ।

१३) **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधः** यो ऐमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि नगरपालिकाले तोके अनुसार हुनेछ ।

**अनुसूची १:** नगरपालिकाले लगाउने सम्पत्ती कर कादरहरु ।

**अनुसूची ३:** नगरपालिकाले लगाउने घर जग्गा बहाल करका क्षेत्र र दरहरु ।

**अनुसूची ४:** नगरपालिकाले लगाउने व्यवसायकरका क्षेत्र र दरहरु ।

**अनुसूची ५:** नगरपालिकाले लगाउने जडिबुटी, कवाडी र जीवजन्तु करका क्षेत्र र दरहरु

**अनुसूची ६** नगरपालिकाले लगाउने सवारी साधन कर र दरहरु ।

**अनुसूची ७:** नगरपालिकाले लगाउने विज्ञापन कर र दरहरु ।

**अनुसूची ८:** नगरपालिकाले लगाउने मरोञ्जन कर ।

**अनुसूची १०:** पार्किङ शुल्क नगरपालिकाले लगाउने पार्किङ शुल्क क्षेत्र र दरहरु

**अनुसूची १२:** नगरपालिकाले लगाउने शुल्क तथा दस्तुर क्षेत्र र दरहरु ।

**अनुसूची १३:** नगरपालिकाले लगाउने पर्यटन प्रवेश शुल्कका क्षेत्र र दरहरु